# अधुरा तथा क्रमागत आयोजना व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८३

बागमती प्रदेश सरकार

खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय
हेटौंडा, नेपाल

# अधुरा तथा क्रमागत आयोजना व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावना:** बागमती प्रदेश सरकार (कार्य विभाजन नियमावली ) २०८३ बमोजिम खानेपानी ,ऊर्जा तथा सिंचाइ मन्त्रालयको कार्य जिम्मेवारीको सि.नं १ मा प्रदेश स्तरको ऊर्जा, बिद्युत, सिंचाई, जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धि अध्ययन, अनुसन्धान, नीति, कानून मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यन्वयन, सञ्चालन मर्मत सम्भार मन्त्रालयको जिमेवारीमा रहेको परिप्रेक्ष्यमा प्रदेश स्थापना भएपश्चातका विगतका आर्थिक वर्षहरूदेखि सञ्चालनमा रहेका तर हालसम्म पूर्णता पाउन नसकेका, दायित्व सिर्जना भएका र बहुवर्षीय ठेक्का सम्झौतामा समावेश नभएका अधुरा आयोजनाहरूको यथार्थ विवरण (Inventory) तयार पारी, सीमित स्रोत-साधनको न्यायोचित वितरण र प्राथमिकताको आधारमा कार्यान्वयन गरी प्रदेशको विकासमा गतिशीलता ल्याउन अधुरा तथा क्रमागत आयोजना व्यवस्थित गर्न वाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन २०८३, को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेशको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " अधुरा तथा क्रमागत आयोजना व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि,-

(क) "ऐन" भन्नाले प्रदेश विनियोजन ऐन, २०८३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका सम्पूर्ण कार्यालयहरु सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ।

(घ) अधुरा/छुटेका आयोजना": बागमती प्रदेश स्थापना भएपश्चातका विभिन्न आर्थिक वर्षहरूमा वार्षिक विकास कार्यक्रममा सूचीकृत भई कार्यान्वयन प्रक्रियामा गएका, तर हालसम्म पनि निर्माण कार्य सम्पन्न भई नसकेका (कुनै पनि बहुवर्षीय ठेक्का सम्झौतामा नपरेका) विकास योजना वा परियोजनाहरू सम्झनु पर्छ।

(ङ) "बस्तुस्थिति प्रतिबेदन" भन्नाले दफा ३ को अनुसूची (१) र अनुसुची (२) बमोजिमको ढांचा सहितको प्राबिधिक प्रतिबेदन सम्झनु पर्छ।

(छ) "प्राथमिकता सूचक " भन्नाले दफा (४) को तालिकामा अधुरा आयोजना मुल्यांकन प्रयोजनको निम्ति उल्लेखित सूचकहरु सम्झनु पर्छ।

(च) "प्रतिबेदन तयारी समिति " भन्नाले दफा (५) बमोजिम गठन हुने समिति सम्झनु पर्छ।



सचिव

माननीय मन्त्री

परिच्छेद - २

## अधुरा आयोजना वस्तुस्थिती प्रतिवेदन र प्राथमिकता निर्धारण

३. **अधुरा आयोजनाको बस्तुस्थिति प्रतिबेदन तयार गर्नुपर्नेः** (१) मन्त्रालयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम, सम्बन्धित कार्यालयहरूले आफ्नो कार्यक्षेत्र अन्तर्गतका सम्पूर्ण अधुरा आयोजनाहरूको अनुसूची-१ मा निर्धारित ढाँचामा विस्तृत 'वस्तुस्थिती प्रतिवेदन' तयार पार्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम तयार भएको प्रतिवेदनमा आयोजनाको नाम, स्थान, शुरु भएको आर्थिक वर्ष, हालसम्मको भौतिक तथा वित्तीय प्रगति, आयोजनामा देखिएका प्राविधिक वा वित्तीय समस्याहरू, बाँकी कार्य सम्पन्न गर्न आवश्यक पर्ने थप बजेटको विवरण तथा दफा ४ मा तोकिएका सूचकका आधारमा गणना गरिएको प्राथमिकता अङ्क (Scorecard) अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ।

परिच्छेद - ३

## प्राथमिकता सूचक (Scorecard - १०० पूर्णाङ्क)

४. **प्राथमिकता सूचक सम्बन्धी :** (१) आयोजनाहरूको छनोट गर्दा र बजेट विनियोजन गर्दा वैज्ञानिक तथा वस्तुनिष्ठ आधार प्रदान गर्न निम्न सूचकहरूको प्रयोग गरी मूल्याङ्कन गर्नुपर्नेछ।

| सूचक | आधार/बर्गीकरण | अङ्क भार |
|---|---|---|
| भौतकि प्रगति (तालिका-१) | ८०%+(४०), ६०-८०%+(३०), ४०-६०%+(२०), २०-४०%+(१०), ०-२०%+(५) | ४० |
| लाभान्वित जनसङ्ख्या/क्षेत्र (तालिका-२) | खानेपानी (५००+ घरधुरी), सिंचित (७५+हेक्टर) लाइ ३० देखि १० अङ्कसम्म | ३० |
| आयोजनाको अवधी (तालिका-३) | १-२ वर्ष (१५), ३-४ वर्ष (१०), ५-६वर्ष (५), ७+वर्ष (०) | १५ |
| सामाजिक/प्राविधिक औचित्य (तालिका-४) | खानेपानी/सिंचाइको आवश्यकता तथा प्राविधिक सम्भाव्यता | १५ |
| कूल | | १०० |

(२) उपदफा (१) बमोजिम आयोजनाहरूको प्राथमिकता निर्धारण गर्दा भौतिक प्रगति, लाभान्वित सङ्ख्या वा क्षेत्र, आयोजनाको अवधि र सामाजिक/प्राविधिक औचित्यलाई मुख्य आधार लिई मुल्यांकनको निम्ति निम्न अंकभार प्रयोग गर्नुपर्नेछ ।

प्रदेश सचिव

माननीय मन्त्री

| तालिका १: (भौतिक प्रगतीको आधारमा अङ्क विभाजन) | |
|---|---|
| भौतिक प्रगती (%) | अङ्क |
| ८०% भन्दा माथी | ४० |
| ६०% देखि ८०% माथी | ३० |
| ४०% देखि ६०% माथी | २० |
| २०% देखि ४०% माथी | १० |
| ०% देखि २०% सम्म | ५ |

| तालिका २: (लाभान्वित घरधुरी/सिंचित क्षेत्रको अङ्क विभाजन) | | |
|---|---|---|
| खानेपानी (घरधुरी) | सिंचित क्षेत्र (हेक्टर) | अङ्क |
| ५०० वा सो भन्दा माथी | ७५ वा सो भन्दा माथी | ३० |
| ४०० देखि ४९९सम्म | ५० देखि ७४ सम्म | २५ |
| ३०० देखि ३९९सम्म | ४० देखि ४९ सम्म | २० |
| २०० देखि २९९सम्म | २५ देखि ३९ सम्म | १५ |
| १०० देखि १९९सम्म | १० देखि २४ सम्म | १० |

| तालिका ३: (आयोजनाको अवधीको आधारमा अङ्क विभाजन) | | |
|---|---|---|
| आयोजना सञ्चालन अवधी | अङ्क | कैफियत |
| १ देखि २ वर्ष | १५ | आ.ब ०८१/८२-०८२/८३ मा शुरु भएको |
| ३ देखि ४ वर्ष | १० | आ.ब ०७९/८०-०८०/८१ मा शुरु भएको |
| ५ देखि ६ वर्ष | ५ | आ.ब ०७७/७८-०७८/७९ मा शुरु भएको |
| **नोटः आ.ब ०७६/७७ वा सो भन्दा पहिलेको आर्थिक बर्षमा शुरु भई हाल सम्म अधुरो रहेको आयोजनाको हकमा यस कार्यविधिको अनुसूची (२) अनिबार्य रुपमा पेश गर्नुपर्नेछ ।** | | |

| तालिका ४: (सामाजिक/प्राविधिक औचित्यको आधार ) | |
|---|---|
| औचित्यको स्तर | अङ्क |
| उच्च सामाजिक आवश्यकता र प्राविधिक सम्भाव्यता | १५ |
| मध्यम सामाजिक आवश्यकता र प्राविधिक सम्भाव्यता | १० |
| न्यून सामाजिक आवश्यकता र प्राविधिक सम्भाव्यता | ५ |

(३) प्रत्येक सूचकको लागि तोकिएको अङ्क भार अनुसार प्राप्त कुल अङ्कको आधारमा आयोजनाको प्राथामिकरण गरी क्रमिकरुपमा आयोजनाहरु सम्पन्न गरिनेछ ।



सचिव

माननीय मन्त्री

(४) भौतिक प्रगति गणना गर्दा आयोजनाको सुरुदेखि हालसम्मको वास्तविक कार्यसम्पादनको आधारमा अङ्क प्रदान गर्नुपर्नेछ।

(५) आयोजनाको अवधि गणना गर्दा आयोजना सुरु भएको आर्थिक वर्षबाट हालको आर्थिक वर्षसम्मको कुल अवधिलाई आधार मान्नुपर्नेछ।

(६) उपदफा १ को चारै सूचकहरूको कुल अङ्क (Score) को आधारमा बढी अङ्क प्राप्त गर्ने आयोजनालाई प्राथमिकताका साथ कार्यन्वयनमा लगिनेछ ।

## परिच्छेद — ४

## कार्यान्वयन तथा समयसीमा

५. **प्रतिवेदन तयारी समिति गठनः** (१) आयोजनाको वस्तुगत स्थिति प्रतिवेदन तयार पार्न सम्बन्धित कार्यालयमा सम्भव भए सम्म वरिष्ठ अधिकृत/अधिकृत को संयोजकत्वमा एक प्राविधिक समिति रहनेछ। उक्त समितिमा कार्यालयको आर्थिक प्रशासन प्रमुख र अन्य प्राविधिक कर्मचारी गरी कम्तीमा ३ जना सदस्यहरू रहनेछन्।

(२) आवश्यकता अनुसार थप प्राविधिक वा प्रशासनिक कर्मचारीहरूलाई समेत समितिमा सदस्यको रूपमा समावेश गर्न सकिनेछ।

(३) समितिको संरचना निम्न बमोजिम हुनेछः

**संयोजकः** वरिष्ठ अधिकृत/अधिकृत

**सदस्यः सचिवः** आर्थिक प्रशासन प्रमुख

**सदस्यः** प्राविधिक कर्मचारी

**सदस्यः** आवश्यकता अनुसार थप गरिएका प्राविधिक वा प्रशासनिक कर्मचारी

६. **प्रतिवेदन पेश गर्नेः** (१) समितिले तयार पारेको विवरणलाई आवश्यक चेकजाँच गरी कार्यालय प्रमुखले प्रमाणित गरी आश्विन मसान्त भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(२) प्रतिवेदनमा उल्लेखित तथ्याङ्कहरूको शुद्धता र वस्तुनिष्ठताको पूर्ण जिम्मेवारी उक्त समिति तथा प्रमाणित गर्ने कार्यालय प्रमुखको हुनेछ।

७. **छनोट र बजेटः** (१) मन्त्रालयले प्राथमिकता अङ्कको आधारमा ६० भन्दा बढी अङ्क प्राप्त गरेका आयोजनाहरूलाई चालु आ.ब भित्र क्रमिक रुपमा सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन प्रक्रिया अगाडि बढाउनेछ।

प्रदेश सचिव

माननीय मन्त्री

बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय
हेटौंडा, नेपाल

८. **आगामी वर्षको लागि व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम आ.ब. २०८३/८४ मा सम्पन्न गर्न नसकिएका वा बजेट अभावका कारण छनोटमा नपरेका आयोजनाहरूलाई प्राथमिकताको क्रम (Ranking) मा राखी आगामी आर्थिक वर्षहरूमा अनिवार्य रुपमा निरन्तरता दिई क्रमशः सम्पन्न गरिनेछ।

## परिच्छेद — ५

## अनुगमन तथा मूल्याङ्कन

९. **अनुगमन तथा मुल्यांकन :** (१)प्रदेश सरकारबाट सञ्चालित आयोजनाहरूको कार्यान्वयनलाई थप चुस्त, पारदर्शी र परिणाममुखी बनाउन तथा सीमित स्रोत-साधनको उच्चतम र न्यायोचित उपयोग सुनिश्चित गर्न मन्त्रालयले एक व्यवस्थित अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्नेछ।

(२) यस प्रक्रियाले आयोजनाहरूको वास्तविक धरातलीय यथार्थता, भौतिक तथा वित्तीय प्रगतिको अवस्था र कार्यान्वयनका क्रममा आउने विभिन्न प्रकारका अवरोधहरूलाई समयमै पहिचान गर्न सहयोग पुऱ्याउनेछ।

(३) मन्त्रालयले कार्यालयहरूसँगको समन्वयमा आयोजनाहरूको नतिजा आधारित व्यवस्थापनमा जोड दिँदै, प्राप्त तथ्याङ्क र प्रतिवेदनको आधारमा विकास निर्माणको कार्यलाई थप गति दिन र प्रदेश सरकारको विकास लक्ष्य हासिल गर्न अनुगमन तथा मूल्याङ्कनलाई एक महत्वपूर्ण संयन्त्रको रूपमा प्रयोग गर्नुपर्नेछ।

(४) मन्त्रालयले आयोजनाहरूको कार्यान्वयन प्रभावकारी बनाउन देहाय बमोजिम अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्नेछः

(क) **त्रैमासिक समीक्षाः** मन्त्रालयले सम्बन्धित कार्यालयबाट प्राप्त वस्तुस्थिति प्रतिवेदनका आधारमा प्रत्येक त्रैमासिक अवधिमा आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगतिको विस्तृत समीक्षा गरी आयोजनाको अवस्था यकिन गर्नेछ।

(ख) **स्थलगत अनुगमन र रुजुः** समीक्षाका क्रममा देखिएका कमी-कमजोरीहरूलाई सुधार गर्न र आयोजनाको वास्तविक धरातलीय यथार्थता बुझ्न मन्त्रालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्नेछ र प्रतिवेदनमा उल्लेखित तथ्याङ्कहरूको यथार्थतालाई रुजु गर्नेछ।

(ग) **समस्या समाधान र सहजीकरणः** अनुगमनका क्रममा देखिएका प्राविधिक, वित्तीय वा अन्य नीतिगत समस्याहरूको पहिचान गरी तिनको समाधानका लागि मन्त्रालयले आवश्यक प्राविधिक सहयोग, सहजीकरण तथा अन्तर-निकाय समन्वयको भूमिका निर्वाह गर्नेछ।

(घ) **प्रभाव र लाभको मापनः** अनुगमनको निष्कर्षले आयोजनाबाट प्राप्त वास्तविक लाभ र प्रभावको समेत मापन गर्नेछ र यसबाट प्राप्त सुझावहरूलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने आधारको रूपमा उपयोग गरिनेछ।

प्रदेश सचिव



माननीय मन्त्री

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय
हेटौंडा, नेपाल

(ङ) **कार्यालय स्तरीय आन्तरिक समीक्षाः** आयोजनाको गुणस्तर र कार्यसम्पादनमा सुधार ल्याउन सम्बन्धित कार्यालयले कार्यस्थलमा नै नियमित रूपमा आन्तरिक समीक्षा बैठक बसी कार्यप्रगतिको विश्लेषण गर्नेछ र मन्त्रालयलाई आवश्यक प्रतिवेदन उपलब्ध गराउनेछ।

## परिच्छेद — ६

## बाधा अड्काउ फुकाउने अधिकार

**१०. बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरूको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै पनि प्रकारको अस्पष्टता, द्विविधा वा व्यावहारिक कठिनाइ उत्पन्न भएमा, त्यसको उचित निराकरण गर्ने वा बाधा अड्काउ फुकाउने पूर्ण एवं अन्तिम अधिकार बागमती प्रदेश, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयका माननीय मन्त्रीमा निहित रहनेछ।

(२) मन्त्रीज्यूबाट यस सम्बन्धमा गरिएका निर्णयहरू वा जारी गरिएका निर्देशनहरू सम्बन्धित सबै निकायका लागि अनिवार्य र बाध्यकारी हुनेछ।

**११. कार्यविधि लागू हुने मिति** (१) यो कार्यविधि बागमती प्रदेश सरकार, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयबाट विधिवत् रूपमा स्वीकृत भएको मितिदेखि नै पूर्ण रूपमा कार्यान्वयनमा आउनेछ।

**१२. संशोधनः** (१) परिवर्तित आवश्यकता र परिस्थितिलाई दृष्टिगत गर्दै मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन वा परिमार्जन गर्न सक्नेछ।

## परिच्छेद — ७

## अभिलेख व्यवस्थापन

**१३. अभिलेख व्यवस्थापनः** (१) यस कार्यविधि बमोजिम तयार पारिएका सम्पूर्ण प्रतिवेदन, विवरण र अन्य सम्बन्धित कागजातहरूलाई सम्बन्धित कार्यालयले व्यवस्थित र सुरक्षित तवरले भविष्यमा जुनसुकै समयमा पनि सजिलै रुजु गर्न सकिने गरी कार्यालयले अभिलेख गरी राख्नुपर्नेछ ।

प्रदेश सचिव

माननीय मन्त्री

बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१: वस्तुस्थिती प्रतिवेदन (Status Report) को ढाँचा

कार्यालयको नामः ..................................................................

आर्थिक वर्षः ...............................................................

| क्र.सं. | आयोजना क्रियाकलाप कोड | आयोजनाको नाम | ठेगाना | सुरु भएको आ.व. | हालसम्मको भौतिक प्रगति (%) | हालसम्मको वित्तीय प्रगति (%) | मुख्य समस्या (प्राविधिक/वित्तीय) | थप आवश्यक बजेट (रु.)लाख | प्राथमिकता अङ्क (Score) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

संयोजकः.................................................................................

सदस्य सचिवः..................................................................

सदस्यःप्राविधिक कर्मचारी..................................................................

सदस्यः........................................................................

प्रमाणित गर्ने कार्यालय प्रमुखको नामः..................................................

हस्ताक्षरः ...............................

मितिः ................................

प्रदेश सचिव

माननीय मन्त्री

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय

## अनुसूची-२: मुख्य समस्या (प्राविधिक/वित्तीय) आवश्यक परेमा खुलाउने

कार्यालयको नामः.........................................................................................

आर्थिक वर्षः ......................................................

| आयोजनाको नाम | मुख्य समस्याको प्रकार | समस्याको विस्तृत विवरण (के भयो/के समस्या छ?) | समाधानको लागि गरिएका/ गरिने प्रयास | सम्पन्न गर्न सकिने/नसकिने कार्यालयको सुझाव | प्राथमिकता सूचक (Scorecard) मा प्रभाव |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

प्राबिधिक समिति पदाधिकारीहरुको नाम र हस्ताक्षर

संयोजकः.............................................................................

सदस्य सचिवः.........................................................

सदस्यः प्राविधिक कर्मचारी..............................................................

सदस्यः..................................................................

प्रमाणित गर्ने कार्यालय प्रमुखको नामः.............................................

हस्ताक्षरः ..........................

मितिः ..........................

प्रदेश सचिव

माननीय मन्त्री